**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ अक्टुबर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. वित्तमन्त्री निर्मला सीतारमणले जीएसटी 2.0 सुधारले देशको अर्थव्यवस्थालाई ठूलो प्रोत्साहन दिएको बताउनु भएको छ।

२. विज्ञान तथा प्रौद्योगिकी मन्त्री डा. जितेन्द्र सिंहले भन्नुभएको छ भारतले आफ्नो पहिलो स्वदेशी एन्टिबायोटिक, नेफथ्रोमाइसिन विकसित गरेको छ।

३. उत्तर प्रदेशको पवित्र नगर अयोध्या नवौं दीपोत्सवको भव्य उत्सवको लागि तयार छ।

४. मौसम विभागले केरला, माहे र लक्षद्वीपमा आगामी दुई दिनमा मुसलधारे वर्षाका लागि ओरेन्ज अलर्ट जारी गरेको छ।

५. क्रिकेटमा भारत र अस्ट्रेलियाबीचको तीन खेलको एकदिवसीय श्रृंखलाको पहिलो म्याच आज पर्थमा हुँदैछ भने महिला विश्वकप क्रिकेटमा आज आयोजक भारत र इंग्ल्यान्ड माझ म्याच हुनेछ।

**वित्त मंत्री**

वित्तमन्त्री निर्मला सीतारमणले जीएसटी 2.0 सुधारले देशको अर्थव्यवस्थालाई ठूलो प्रोत्साहन दिएको बताउनु भएको छ। जसका कारण चाडपर्वमा इलेक्ट्रोनिक्स, अटोमोबाइल्स र उपभोक्ता वस्तुजस्ता प्रमुख क्षेत्रमा रेकर्ड बिक्री भएको छ। सीतारमणले नयाँ दिल्लीमा सूचना र प्रसारण मन्त्री अश्विनी वैष्णव र वाणिज्य र उद्योग मन्त्री पीयूष गोयलसँग जीएसटी बचत उत्सवमा संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुभयो। वित्त मन्त्रीले भन्नुभयो, जिएसटी दरमा कटौतीको लाभ आम मानिससम्म पुगिरहेको छ। यस अवसरमा बोल्दै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले यस वर्ष नवरात्र पर्वमा रेकर्ड बिक्री भएको बताउनु भयो। यसअघिको नवरात्रको तुलनामा यस वर्ष नवरात्रि अवधिमा इलेक्ट्रोनिक्स बिक्रीमा २५ प्रतिशतले वृद्धि भएको उहाँले बताउनु भयो। उहाँले भन्नुभयो, 'जीएसटी सुधारका कारण खाद्यान्नको मूल्य घटिरहेको छ।

**जितेंद्र-नैफिथ्रोमाइसिन**

विज्ञान तथा प्रौद्योगिकी मन्त्री डा. जितेन्द्र सिंहले भन्नुभएको छ भारतले आफ्नो पहिलो स्वदेशी एन्टिबायोटिक, नेफथ्रोमाइसिन विकसित गरेको छ। आज नयाँ दिल्लीमा एक चिकित्सा कार्यशालाको उद्घाटन गर्दै उहाँले यो एन्टिबायोटिक प्रतिरोधी श्वासप्रश्वासको संक्रमणलाई हटाउने उद्देश्यले गरिएको बताउनु भयो।उहाँले यो विशेष गरी क्यान्सर रोजगीहरू र राम्रोसित नियन्त्रण नभएका मधुमेह भएकाहरूका लागि प्रभावकारी भएको बताउनु भयो। श्री जितेन्द्र सिंहले देशले आफ्नो वैज्ञानिक र अनुसन्धान विकासलाई गति दिन एक आत्मनिर्भर पारिस्थितिकी तंत्र विकसित गर्नुपर्ने कुरामा पनि जोड दिनु भयो।उहाँले एआईमा आधारित हाइब्रिड मोबाइल क्लिनिकहरूले ग्रामीण र दुर्गम क्षेत्रहरूमा सेवा प्रदान गरेर सबैका लागि गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गरिरहेको कुरामा पनि प्रकाश पार्नुभयो।उहाँले भन्नुभयो नवाचार, सहयोग र करुणाको सम्मिलन देशलाई विकसित राष्ट्र बन्ने यात्रालाई परिभाषित गर्नेछ।

**सरदार पटेल जयंती**

देशमा राष्ट्रिय एकतालाई अझ बलियो बनाउनका लागि सरदार वल्लभभाई पटेलको जन्मजयन्तीका अवसरमा दुई महिनासम्म विभिन्न कार्यक्रमहरू आयोजना गरिनेछ। केन्द्रीय ऊर्जामन्त्री मनोहरलाल खट्टरले करनालमा पत्रकार सम्मेलन गर्दै यस्तो जानकारी दिनुभयो। उहाँले भन्नुभयो ३१ अक्टोबरमा राष्ट्रिय एकता दिवस मनाइनेछ। त्यसपछि ३१ डिसेम्बरसम्म राष्ट्रिय एकीकरणसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु आयोजना गरिनेछ। यसमा सेमिनार, प्रदर्शनी र साहित्य वितरण समावेश छ। यी कार्यक्रमहरूका लागि माय भारत पोर्टलमा युवाहरूको दर्ता पनि भइरहेको उहाँले जानकारी दिनुभयो। यसैबीच केन्द्रीय मन्त्रीले हरियाणा सरकारको तेस्रो कार्यकालको एक वर्ष पूरा भएकोमा मुख्यमन्त्री नायब सिंह सैनी, मन्त्री र राज्यका जनतालाई बधाई दिनुभयो।

**चंद्रयान-2**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले सन् २०१९ मा प्रक्षेपण गरिएको चन्द्रयान–२ अभियानले चन्द्रमामा सूर्यको कोरोनल मास इजेक्शन (सीएमई) को प्रभावको पहिलो अवलोकन गरेको जनाएको छ। इसरोका अनुसार यो अवलोकनले चंद्र बाह्यमंडल, चन्द्रमाको पातलो वायुमण्डल र यसको सतहमा अन्तरिक्ष मौसमको प्रभाव बुझ्न मद्दत गर्नेछ। २२ जुलाई, २०१९ मा श्रीहरिकोटाबाट जीएसएलभी-एमके III-एम१ रकेटद्वारा प्रक्षेपण गरिएको चन्द्रयान-२ ले आठ प्रयोगात्मक पेलोड बोकेको थियो।

**अयोध्या दीपोत्सव**

उत्तर प्रदेशको पवित्र नगर अयोध्या नवौं दीपोत्सवको भव्य उत्सवको लागि तयार छ। भगवान श्री रामको घर फिर्तीको उपलक्ष्यमा आज साँझ अयोध्यामा बत्ती बाल्ने भएको छ। यस शहरले २६ लाख भन्दा अधिक दियो बालेर गत वर्षको रेकर्ड तोड्ने तयारी गरेको छ। दीपोत्सवले अयोध्याको आध्यात्मिक र सांस्कृतिक वैभवलाई विश्व मञ्चमा प्रस्तुत गर्नेछ।

**मध्य रेलवे- विशेष ट्रेन**

मध्य रेलवेले चाडपर्वको मौसममा बिहार र उत्तर प्रदेश सहित उत्तर भारतका विभिन्न गन्तव्यहरूका लागि 1700 भन्दा बढी विशेष रेलहरू चलाइरहेको छ। यसको उद्देश्य दीपावली र छठ पूजाको समयमा श्रद्धालु र यात्रीहरूको लागि सहज र आरामदायक यात्रा सुनिश्चित गर्नु हो।

**बिहार चुनाव कांग्रेस**

कङ्ग्रेसले बिहार विधानसभा चुनावका लागि पाँच उम्मेदवारको दोस्रो सूची जारी गरेको छ। नरकटियागञ्जबाट शाश्वत केदार पाण्डे र किशनगञ्जबाट मोहम्मद कमरुल होडालाई टिकट दिइएको छ। मोहम्मद इरफान आलमले पूर्णियाबाट जितेन्द्र यादव र गया विधानसभाबाट मोहन श्रीवास्तवले उम्मेदवारी दिएका छन्। कांग्रेसको केन्द्रीय निर्वाचन समितिले यी उम्मेदवारको नाम घोषणा गरेको छ।

**बिहार चुनाव-झामुमो**

झारखण्ड मुक्ति मोर्चा बिहार विधानसभा चुनावका लागि महागठबन्धनबाट अलग भएको छ। पार्टीका केन्द्रीय महासचिव सुप्रियो भट्टाचार्य अनुसार पार्टीले बिहारमा छ सिटमा उम्मेदवार खडा गर्नेछ। यी सिट हुन् चकाई, धमढा, कटोरिया, मनिहारी, जमुई र पीरपैंती। यी क्षेत्रमा पार्टीको बलियो आधार रहेको भट्टाचार्यले दाबी गर्नुभयो।

**अफ़ग़ान-पाक संघर्ष विराम**

अफगानिस्तान र पाकिस्तान माझ केही दिनदेखिको भीषण लडाइँ पछि युद्धविरामका लागि सहमति भएको छ। कतारका विदेशमन्त्रीले हिजो उक्त घोषणा गरेका हुन्। कतार र तुर्किएको मध्यस्थतामा हिजो दोहामा अफगानिस्तान र पाकिस्तानबीच भएको वार्तामा यो सम्झौता भएको हो। कतारी विदेशमन्त्रीले दुई देशका प्रतिनिधिबीच सीमामा तत्काल

युद्धविराम र शान्ति सुनिश्चित गर्न थप वार्ता जारी राख्न सहमति भएको जानकारी दिएका छन् ।अफगानिस्तानका रक्षामन्त्री मोहम्मद याकुबले प्रतिनिधि मंडलको नेतृत्व गरेका थिए भने पाकिस्तानी प्रतिनिधिमण्डलमा रक्षामन्त्री ख्वाजा हाफिज र गुप्तचर एजेन्सी आई.एस.आईका प्रमुख जनरल असिम मलिक पनि सहभागी थिए।

**मौसम**

मौसम विभागले केरला, माहे र लक्षद्वीपमा आगामी दुई दिनमा मुसलधारे वर्षाका लागि ओरेन्ज अलर्ट जारी गरेको छ। कर्नाटक, तमिलनाडु, पुदुच्चेरी, कराईकल र अन्डमान र निकोबार द्वीपहरूमा आज धेरै स्थानमा भारी वर्षाको सम्भावना छ। केरला र कर्नाटक तटहरू र लक्षद्वीप र कोमोरिन क्षेत्रहरू सहित छिमेकी तटीय क्षेत्रहरूमा 55 किमी प्रतिघण्टाको गतिमा हावा चल्ने सम्भावना छ।

**क्रिकेट भारत**

क्रिकेटमा भारत र अस्ट्रेलियाबीचको तीन खेलको एकदिवसीय श्रृंखलाको पहिलो खेल आज पर्थमा हुँदैछ । खेल भारतीय समयअनुसार बिहान नौ बजे सुरु हुनेछ। भारतीय टिमको कप्तानी शुभमन गिलले गरिरहेका छन्। उनलाई रोहित शर्माको स्थानमा कप्तानमा नियुक्त गरिएको छ । सिनियर खेलाडी विराट कोहली र रोहित शर्माको टिममा वापसी भएको छ । उनले पछिल्लो पटक दुबईमा भएको च्याम्पियन्स ट्रफीमा भारतीय टिमका लागि प्रतिनिधित्व गरेका थिए।

**महिला क्रिकेट**

महिला विश्वकप क्रिकेटमा आज आयोजक भारत र इंग्ल्यान्ड माझ म्याच हुनेछ। खेल भारतीय समयअनुसार दिउँसो तीन बजेदेखि सुरु हुनेछ।

****** ० ******